**इलाम नगरपालिका**

**इलाम नगरपालिकाको राजपत्र**

**खण्ड : ६ सङ्ख्या : १३ मिति : २०७९।११।२९**

**भाग २**

**इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।**

**इलाम नगरपालिका**

# टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।११।२९**
**प्रमाणीकरण मिति : २०७९।११।२९**

**प्रस्तावना :**

स्थानीय विकास प्रक्रियामा टोल तथा बस्तीस्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२(२)(क)(२) बमोजिम टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी यो टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९ जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम ‘‘टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०७९’’ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क )‘‘कार्यालय’’ भन्नाले नगरकार्यपालिकाको कार्यालय र अन्तर्गतको वडा कार्यालयलाई सम्झनु पर्छ।

(ख) “टोल विकास संस्था“ भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका प्रतिनिधिहरुको उपस्थितिमा विकास निर्माण, सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले वडा कार्यालयको प्रत्यक्ष नियम र मातहतमा रहने गरी गठन भई वडा कार्यालयमा सूचीकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ।

(ग) ‘‘पदाधिकारी’’ भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु समेतलाई सम्झनु पर्छ।

(घ) ‘‘बैठक’’ भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ।

(ङ) ‘‘वडा’’ भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ।

(च) ‘‘विधान’’ भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्छ। विधानको नमुना अनुसूची १ मा उल्लेख भए अनुसार हुनेछ।

(छ) ‘‘समिति’’ भन्नाले संस्थाको कार्यसमिति सम्झनु पर्छ।

(ज) ‘‘साधारणसभा’’ भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।

(झ) ‘‘संस्था’’ भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद- २
## संस्थाको गठन तथा सूचीकृत सम्बन्धी व्यवस्था

३.संस्थाको गठन :

(१) नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका स्थायी वासिन्दाको आमभेलाबाट टोल तथा बस्ती भित्रका घरधुरी समावेश हुने गरी टोल विकास संस्थाको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछनः-

(क) अध्यक्ष एक जना
(ख) उपाध्यक्ष एक जना
(ग) कोषाध्यक्ष एक जना
(घ) सचिव एक जना
(ङ) सदस्यहरु (तीन देखि सात जना सम्म)

(३) उपदफा (२) बमोजिम संस्था गठन गर्दा सम्वन्धित वडाको वडाध्यक्ष वा वडा सदस्यको उपस्थितिमा टोल तथा बस्ती भित्रका एक घरधुरीबाट एकजना भन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ । तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितिको पुनर्गठन हुनेछ ।

(५) उपदफा (२) (ङ) बमोजिमको सदस्यहरु (३ देखि ७ जनासम्म) मध्ये टोल विकास संस्थाबाट प्राप्त नामावलीमध्येबाट छनोट गरी वडाध्यक्षबाट १ महिला १ पुरुष र नगर प्रमुखबाट १ महिला १ पुरुष सदस्य मनोनयन हुनेछ ।

(६) कार्य समितिको कार्यावधि गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(७) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।

(८) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनु पर्नेछ ।

(९) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्नेछ ।

(१०) उपदफा ८ बमोजिम सवै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नुपर्ने छ ।

(११) यस कार्यविधि बमोजिम गठन गरिने संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(१२) संस्थाको कार्यक्षेत्र वडा कार्यालयले तोकेको चारकिल्ला भित्र हुनेछ । साधारण सभाले टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउनेछ ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ । एउटा घरधुरी एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन ।

४.कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्थाः

(१) दफा ३ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ।
(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा ।
(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।
(ग) मृत्यु भएमा ।
(घ) बसाइ सरी गएमा ।
(ङ) वैदेशिक रोजगारीमा गएमा ।
(च) बिना जानकारी लगातार ३ वटा बैठकमा अनुपस्थित भएमा समितिको सिफारिसमा वड कार्यालयले हटाएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ । अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ।

५.संस्था सूचीकृत : संस्थाको सूचीकृत देहाय बमोजिम हुनेछ : -

(क)संस्थाको आमभेलाले निर्णय गरी अनुसूची १ बमोजिमको विधानसहित निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी संस्था सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराई नगरपालिकामा समेत जानकारी गराउनु पर्नेछ ।

(ग) दफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुन पेश गर्न निर्देशन दिन सक्नेछ ।

(घ) वडा कार्यालयले यस दफा बमोजिम संस्था सूचीकृत गरेको विवरण मासिक रुपमा नगरपालिकामा पठाउनु पर्नेछ ।

(ङ) टोल विकास संस्थाहरुले नगरपालिकामा सम्पर्क गर्दा वडा कार्यालयमार्फत सम्पर्क राख्नु पर्नेछ ।

(च) टोल विकास संस्थाहरुले वडा कार्यालयको निर्देशन विपरीतको कार्य गरेमा वडा समितिको निर्णयबाट जुनसुकै बखत टोल विकास संस्था खारेज गर्न सकिनेछ । वडा कार्यालयले दिएको निर्णय चित्त नबुझेमा टोल विकास संस्थाले नगरपालिकामा आवेदन गर्न सक्नेछ । नगरपालिकाले दिएको निर्णय टोल विकास संस्थालाई अन्तिम रुपमा मान्य हुनेछ ।

## परिच्छेद-३
## संस्थाको काम कर्तव्य,अधिकारहरु

६.टोल विकास संस्थाका कार्यहरु :

(१) टोल विकास संस्थाका काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुनबमोजिम सम्पादन गर्ने गरी देहायबमोजिम हुनेछ :-

(क) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने ।

(ख) सामुदायिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

(ग) टोलमा संचालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

(घ) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने ।

(ङ) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने।

(च) टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज,उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(छ) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने / गराउने

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने ।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवाशुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(ट) टोलमा बसोबास गर्ने गरिव, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(ठ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म, बिबाह, बसाई सराई, सम्वन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने।

(थ) उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने ।

(द) टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(ध) स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने ।

(ऩ) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने।

(प) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(फ) घरेलु हिंसा, यौनजन्य हिंसा,मानव तस्करी, बालश्रम, बाल विवाह, दूर्व्यसन तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका सामाजिक अपराध तथा खरावीहरु अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(ब) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(भ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

(म) टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(य) आफ्नो टोललाई वातावरणमैत्री, बाल मैत्री, पोषण मैत्री तथा पूर्ण सरसफाइयुक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र नगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(र) फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण र विपद् व्यवस्थापनको क्षेत्रमा टोलबस्तीको कार्ययोजना बनाई जनसहभागिता अभिबृद्धि गरी कार्य गर्ने ।

(ल) वडा कार्यालय नगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

(व) नगर कार्यपालिका कार्यालय वा वडा कार्यालयले तोकेको, निर्देशन गरेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४
## संस्थाको कार्य समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

७.संस्थाको कार्य समितिको बैठक : (१) संस्थाको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार बस्नेछ ।
(ख) समितिको बैठकमा वडा समितिका प्रतिनिधिलाई आमन्त्रण गर्नु पर्नेछ ।
(ग) विज्ञ तथा अन्य सरोकारवालहरुलाई आमन्त्रण गर्न सकिनेछ ।
(घ) समितिको वैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।
(ङ) संस्थाको बैठकको निर्णयहरु वैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ ।
(२) उदफा (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहनेछन् ।
(३) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ । संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।
८.संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकारः- संस्थाका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार
(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।
(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।
(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
(घ) छलफल हुँदा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
(ङ) संस्थाका निर्णयहरु लागू गर्ने, गराउने ।
(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध  मिलाउने।
(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।
(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकारः
(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।
(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(३) सचिवको काम, कर्तव्य र अधिकारः
(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।
(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।
(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।
(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४)कोषाध्यक्षको काम, कर्तव्य र अधिकार
(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने।
(ख) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।
(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।
(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) सदस्यहरुको काम,कर्तव्य र अधिकार
(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने।
(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकता  अनुसार समितिको बैठकमा छलफलमा ल्याउने।
(ग) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने ।
(घ)कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५
## आर्थिक व्यवस्थापन

९.संस्थाको आम्दानी : (१) संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछः
(क) नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम ।
(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।
(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।
(घ) नगरपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम ।
(ङ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम ।

(च) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा रहेको वैंक खातामा जम्मा गर्नु पर्नेछ ।

१०.संस्थाको खर्चः संस्थाको खर्च देहाय बमोजिम हुनेछः

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ ।

(ख) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।

११.संस्थाको लेखा, प्रतिवेदन तथा अन्यः

(१)संस्थाको खाता वडा कार्यालयको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२)उपदफा (१) बमोजिमको बैंक खाता कम्तीमा एक जना महिला हुने गरी संस्थाका अध्यक्ष, उपाध्यक्ष र सचिवमध्ये कुनै दुई जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३)कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

(४)कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताव चौमासिक रुपमा कार्य समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र टोल भेलामा पेश गर्नु पर्नेछ ।

(६)संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यालय र नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(७) नगरपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

१२.जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयको निर्णय बमोजिम विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

## परिच्छेद -६
## विविध

१३.समन्वय समितिः (१) संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहायबमोजिमको समन्वय समिति रहनेछ :-

(क) वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु - सदस्य

(ग) टोलविकास संस्थाका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेको ३ जना -सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । उक्त पदावधि समाप्त भएपछि संयोजकले कार्यकाल नदोहोरिने गरी वडा भित्रका अन्य संस्थाका अध्यक्षहरु मध्येबाट तीन जना मनोनयन गर्नु पर्नेछ । मनोनयन गर्दा महिला संयोजक मनोनयन गर्नु पर्नेछ, महिला संयोजक नभएको अवस्थामा भने पुरुष संयोजक मनोनयन गर्न बाधा पर्ने छैन् ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै संस्थाको काम कारवाहीलाई प्रभावकारी बनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले संस्थाको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१४. बाधा अडकाउ फुकाउन सक्नेः यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

१५.कार्य समिति भङ्ग गर्न सक्नेः सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून बिपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्यसमितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ । यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ ।

१६.कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः (१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्व वडा कार्यालयको नाममा हुनेछ । सोको जानकारी सम्बन्धित वडाले कार्यपालिकामा जानकारी गराउनु पर्नेछ ।

**अनुसूची १**

# ............................टोल विकास संस्थाको नमुना विधान

**प्रस्तावना**

सामाजिक सशक्तीकरण र सामाजिक रुपान्तरणको माध्यमवाट आम नागरिकको जीविकोपार्जनमा सुधार ल्याउन, सार्वजनिक क्षेत्रवाट प्रदान गरिने सार्वजनिक सेवा र सुविधालाई प्रभावकारी वनाई यस्ता सेवाहरुमा नागरिकको पहुंच सहज गराउन, नागरिक र समुदायमा आधारित नागरिक समाज/उपभोक्ता समूह तथा संस्थाहरुलाई आफ्नो अधिकार प्रतिको सचेतता, कर्तव्य, जिम्मेवारी र नागरिक दायित्वप्रति जागरुक गराउन, नागरिकहरु विशेष गरी विपन्न वर्गको विकासका लागि विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक तथा अन्य संरचनागत अवरोधहरु हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउन, सामाजिक पुँजीको निर्माणवाट समुदायहरुलाई आफ्ना समस्याहरु समाधान गर्न सक्षम तुल्याउन, आपसी सद्भाव, मेलमिलाप र सहयोगवाट सामाजिक पुँजी निर्माण गरी सामाजिक सहिष्णुता वढाउन, स्थानीय लोकतन्त्रको संस्थागत विकासमा सहयोग पुऱ्याउन र समुदायमा सिर्जनशीलता तथा उद्यमशीलताको विकास गर्न सहयोग पुऱ्याउन, स्थानीय रुपमा उपलव्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरी गाउँ नगरको अन्तर सम्बन्धलाई सुदृढीकरण गर्न तथा गाउँ र नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपुरकको रुपमा विकसित गरी गरिवी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउन, सहभागितात्मक योजना तर्जुमा गर्न, उद्यमी समाजको निर्माण गर्न तथा टोलका जनसमुदायहरुलाई संस्थागत रुपमा विकास गर्ने वातावरण सिर्जना गर्न इलाम नगरपालिका वार्ड नं........अन्तर्गत.................. .................. ...............................टोल विकास संस्था स्थापना गरी संचालन गर्न बान्छनीय भएकोले यो विधान बनाइएको छ।

**<u>परिच्छेद १</u>**

## १ प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भ

क) यो विधान ............................................................टोल विकास संस्थाको विधान हुनेछ।

ख) यो संस्थाको नाम ........................................................टोल विकास संस्था हुनेछ।

ग) यो विधान इलाम नगरपालिकाको सम्बन्धित वडा कार्यालयबाट स्वीकृत भई सूचीकृत भएको मितिदेखि लागू हुनेछ।

घ) यस संस्थाको कार्यालय इलाम नगरपालिका वार्ड नं..........को ............................... टोलबस्तीमा रहनेछ।

## २ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

क) "संस्था" भन्नाले ...............................................टोल विकास संस्थालाई सम्झनु पर्छ।

ख) "विधान" भन्नाने यसै विधानलाई संझनु पर्छ।

ग) "साधारण सभा" भन्नाले संस्थाको सम्पूर्ण सदस्यहरु र सल्लाहकार समेतको भेला सम्झनु पर्दछ।

घ) "समिति" भन्नाले टोल विकास संस्थाको कार्य समिति सम्झनु पर्दछ।

ङ) " बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्दछ।

च) "कार्यगत समूह" भन्नाले साधारण सभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्था भित्र विभिन्न कार्य गर्न निर्मित समूहहरुलाईं सम्झनु पर्दछ।

छ) "पदाधिकारी" भन्नाले संस्थाका वा कार्यगत समूहका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, सहसचिव, र सदस्यहरुलाई जनाउदछ।

ज) "उपसमिति" भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उप समिति सम्झनु पर्छ।

झ) "बचत" भन्नाले साधारण सदस्यहरुबाट नियमित रुपमा निश्चित अवधिमा संचय गरेको रकमलाई सम्झनु पर्दछ।

ञ) "बचतकर्ता" भन्नाले संस्थामा बचत गर्ने सदस्यहरुलाई जनाउदछ।

ट) "ऋण" भन्नाले एकैमुष्ट वा किस्ता बन्दीका रुपमा फिर्ता बुझाउने गरी निश्चित अवधि र उदेश्य प्राप्त वा प्रदान गरेको रकमलाई जनाउदछ।

ठ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले संस्थाले समय समयमा गरेको निर्णय बमोजिम निर्धारित कार्यविधि वा यस विधान अन्तर्गत बनाइएका नियमावली वा विनियममा उल्लेखित कुराहरुलाई जनाउदछ।

## ३. संगठित संस्था हुने

क) संस्था तथा यस अन्तर्गतका कार्यगत समूह अविछिन्न उत्तराधिकारवाला स्वशासित संगठित हुनेछ।

ख) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ। सो छाप कार्यगत समूहहरुको वा आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछ।

ग) संस्था वा कार्यगत समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ।

घ) संस्था वा कार्यगत समूहले व्यक्ति सरह आ–आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर नालिस उजुर लाग्न सक्नेछ।

**<u>परिच्छेद २</u>**

## ४ संस्थाका उद्देश्यहरु

संस्थामा आवद्ध सबै खाले सदस्यहरुको संस्थागत तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ।

(क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी निवारणमा मदत पुर्‍याउने ।

ग) स्थानीयस्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमताको विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्‍याउने ।

घ) स्थानीय स्तरबाट सिकेको अनुभवबाट गाउँ नगर सम्बन्ध विस्तार तथा सामुदायिक परिचालनको एउटा नमुना कार्यक्रम विकसित गरी देशको अन्य नगरपालिकामा विस्तार गर्ने ।

ङ) स्वशासित संस्थालाई प्रभावकारी बनाउने ।

च) संस्थालाई नगरपालिकाको सबभन्दा तल्लो समुदायमा आधारित वैधानिक समूह/संस्थाको रुपमा स्थापित गराई सहभागितात्मक नगरपालिका योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन प्रक्रियामा सहभागी गराउने ।

छ) टोलमा बसोबास गर्ने गरिब, महिला, दलित, जनजाति आदिवासी, पिछडा वर्ग, सुकुम्वासी, आन्तरिक रुपमा विस्थापित जनतालाई गरिबी न्यूनीकरणका साथै विकासको मूल धारमा अगाडि बढाउने ।

ज) नगरपालिकाको नीति, नियम, निर्णय र अभियानलाई सहयोग पुर्‍याउने ।

झ) वडा कार्यालयको निर्देशन अनुरुप वडाको सहयोगी संस्थाको रुपमा परिचालन हुने ।

**५.संस्थाको कार्यहरु :**

(१) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने ।

(२) सामुदायिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

(३) टोलमा संचालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वियन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

(४) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(५) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने।

(६) टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज,उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(७) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने

(८) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

(९) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने ।

(१०)कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवाशुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(११)टोलमा बसोबास गर्ने गरिव, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(१२)टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(१३)जन्म, बिबाह, बसाई सराई, सम्वन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(१४) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(१५) विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(१६)टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने।

(१७)उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने ।

(१८)टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(१९)स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(२०)भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने ।

(२१)विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने।

(२२)टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(२३)घरेलु हिंसा, यौनजन्य हिंसा,मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका सामाजिक अपराध तथा खरावीहरु अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(२४) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(२५) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

(२६)टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(२७)आफ्नो टोललाई वातावरणमैत्री, बाल मैत्री, पोषण मैत्री तथा पूर्ण सरसफाइयुक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र नगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

(२८) वडा कार्यालय नगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने

(२९) नगरपालिकाको नीति तथा प्रचलित कानुनबमोजिम नगर कार्यपालिका कार्यालय वा वडा कार्यालयले तोकेको, निर्देशन गरेको अन्य कार्यहरु गर्ने ।

(३०) सदस्यहरुबाट नियमित रुपमा बचत संकलन गरी आफ्नो टोल भित्र वा टोलदेखि नजिक क्रियाशील रहेको सहकारी संस्था वा वित्तीय संस्था वा बैकमा बचत परिचालन गर्ने ।

(३१) संस्थाका सदस्यहरुलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संघ संस्थाबाट ऋण लिई उद्यम संचालन गर्नमा पहल गराउने ।

(३२) टोलमा आइपरेका समस्याहरु समाधान गर्न एक अर्कामा भाइचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।

(३३) पिछडिएका वर्ग तथा जनजातिहरुको विकासको लागि सम्बन्धित क्षेत्र तथा निकायबाट सहयोगका लागि सम्बन्ध विस्तार तथा समन्वय कायम गर्ने ।

(३४) गाउँ तथा नगरको अन्तर सम्बन्ध हुने गरी कार्यक्रमहरु तयार गरी आत्म निर्भरता अघि बढाउने ।

(३५) आफ्नो समस्यालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा श्रोतको समुचित परिचालनका लागि आफ्ना सामाजिक विकास पूर्वाधार सम्बन्धी टोल विकास योजना र आर्थिक विकास सम्बन्धी उद्यम विकास योजना बनाउने ।

(३६) यसको अलावा गाउँ नगरको अन्तर सम्बन्ध बढाउन विभिन्न सृजनात्मक कार्यहरु जस्तै ग्रामीण क्षेत्रको उत्पादन शहरमा खपत गराउन व्यापक गर्न प्रोत्साहन गर्ने, बजारमा माग भए अनुरुपको उत्पादन गर्न प्रोत्साहन गर्ने । ग्रामीण क्षेत्रमा नगरको सेवा सुविधाहरु विस्तार गर्ने सेवामूलक उद्यम सिर्जना गर्न प्रोत्साहन गर्ने ।

## परिच्छेद ३

### ६ सदस्यता

क) यस विधानको उद्देश्य बमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखी यस विधानलाई स्वीकार गर्ने वयस्क नेपाली नागरिक यस संस्थाको सदस्य हुनेछ ।

ख) सदस्य बन्न नयाँ इच्छुक नयाँ टोलवासीलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

### ७ सदस्यता नरहने

क) सदस्यको मृत्यु भएमा ।

ख) सदस्यले सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय भने अन्तिम निर्णय हुनेछ ।

ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

घ) संस्थालाई हानी नोक्सानी हुने कुनै कार्य गरेको कारण देखाई नैतिक पतन आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रभावित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा तर सम्बन्धित सदस्यहरुलाई सफाई दिने अवसरबाट बन्चित गरिनेछैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

## परिच्छेद ४

### ८ संस्था गठन एवम् कार्य संचालन विधि

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्यौल गरेपछि त्यस टोल भित्र बसोबास गर्ने सम्पूर्ण घरधुरीको उपस्थितिमा संस्था गठन गरिनेछ । निश्चित भौगोलिक क्षेत्र भन्नाले यस संस्थाको हकमा संस्था दर्ता/सूचीकृतको लागि गरिएको आवेदनमा उल्लेख भए अनुसार हुनेछ ।

ख) दफा ८(क) बमोजिम टोल विकास संस्था गठन गर्न उपस्थित भएकाहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा कार्य समिति गठन हुनेछ । आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन । यस कार्य समितिमा अध्यक्ष एक जना, उपाध्यक्ष एक जना, कोषाध्यक्ष एक जना, सचिव एक जना र सदस्यहरु (तीन देखि सात जना सम्म) रहनेछ । जसमध्ये सदस्य पदमा टोल विकास संस्थाले उपलब्ध गराएको नामावलीबाट वडाध्यक्षबाट १ महिला १ पुरुष सदस्य नगर प्रमुखबाट १ महिला १ पुरुष सदस्य मनोनयन हुनेछ ।

ग) संस्था सञ्चालन कार्य समितिलाई सहयोगको लागि ३ महिला र २ पुरुष रहेको अनुगमन समिति बनाउनु पर्नेछ ।

ग) संस्था सञ्चालन कार्य समितिलाई सहयोगको लागि ३ महिला र २ पुरुष रहेको विपद् व्यवस्थापन समिति बनाउनु पर्नेछ ।

घ) टोल विकास संस्थाअन्तर्गत रहने गरी नगरपालिकाबाट निर्देशन भए बमोजिमको अन्य समिति, समूह समेत गठन गरी परिचालित हुनु पर्नेछ ।

ङ) उल्लिखित समितिको बैठकमा संस्थाका अन्य सदस्यहरु तथा सल्लाहकारलाई आमन्त्रण गर्न सकिनेछ ।

संस्थाको बैठक न्यूनतम महिनामा १ पटक र आवश्यक परेको अवस्थामा जुनसुकै बेला पनि बस्न सक्नेछ

च) संस्था सञ्चालन कार्य समितिको कार्यकाल १ बर्षको हुनेछ ।

छ) महिला, दलित, जनजाति आदिवासीको नेतृत्व विकासको लागि त्यस क्षेत्रका घरधुरी सदस्यलाई संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्षमा सर्वसम्मत चयनलाई प्राथमिकता दिइनेछ ।

ज) संस्थाका पदाधिकारीहरुको सर्वसम्मत चयन बार्षिक रुपमा हुनलाई प्रोत्साहन गरिनेछ ।

झ) न.पा. अन्तर्गत रहेका तथा न.पा. बाट गठन भएका जुनसुकै किसिमका संस्था, समिति, समूहलाई सहयोग गर्नु टोल विकास संस्थाको कर्तव्य हुनेछ ।

**९ संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) संस्थाका अध्यक्ष संस्थाका प्रमुख हुनेछन् । टोल संस्थालाई कसरी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा संस्थाको अध्यक्षले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

(२) टोल संस्थाको नियमित बैठक बोलाउने, बैठकको लागि मिति,समय र स्थानको निर्णय गर्न संस्थाका संभव भएसम्म सबै सदस्यको सहमति लिने ।

(३) बैठकमा अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(४) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने, गर्न लगाउने ।

(५) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(६) बैठकहरुमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।

(७) निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

(८) उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिवलाई आवश्यकतानुसार कार्य विभाजन गरी जिम्मेवारी तोक्ने एवम् सहयोग पुऱ्याउने ।

(९) आवश्यक कार्यमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने ।

(१०) अन्य सहयोगी निकायहरुसंग समन्वय राख्ने, आवश्यक भएमा पूँजी ल्याउन बन्दोबस्त गर्ने र परिचालन गर्ने ।

(११) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

(१२) विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भई कार्य गर्ने ।

(२) तोकिएको अन्य काम गर्ने वा गराउने ।

**ग) सचिवको काम कर्तव्य र अधिकार**

(१) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

(२) बैठक पुस्तिकामा उपस्थित गराउने ।

(३) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी पढेर सुनाउने साथै पुनः प्रत्येक सदस्यहरुलाई हस्ताक्षर गराउने ।

(४) बचत तथा ऋण लगानीको व्यवस्थापन गर्न सहयोग पुऱ्याउने ।

(५) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

(६) संस्था संचालनमा अन्य पदाधिकारीलाई सहयोग गर्ने ।

**घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(१) संस्थाको आर्थिक कारोबार गर्ने

(२) संस्थाले गरेको काम कारोबारको लेखा परीक्षण गराउने ।

(३) बैंकमा खाता सञ्चालन गर्दा अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरमा खाता सञ्चालन गर्ने ।

(४) अन्य सदस्यहरुसँग समन्वय राखी सहयोग लिने दिने ।

(५) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**ङ) सहसचिवको काम, कर्तव्य र अधिकार**

(१) सचिवको अनुपस्थितिमा सचिवको जिम्मेवारी लिई काम गर्ने ।

(२) सचिवको निर्देशानुसार निजलाई सहयोग गर्ने ।

(३) तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

**च) सदस्यको काम, कर्तव्य र अधिकार**

(१) साझेदारीपत्रमा उल्लेखित शर्त अनुसार गर्नु पर्ने कामहरु गर्ने ।

(२) संस्थाको हिसाव किताव नियमित रुपमा आन्तरिक परीक्षण गर्ने ।

(३) संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्यांकन नियमित रुपमा गर्ने । पदाधिकारीहरुको काम सन्तोषजनक नभएमा पुन: अर्को समिति गठन गर्ने ।
(४) आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।
(५) आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिवलाई सघाउने ।
(६) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।
(७) नियमित बचत बुझाउने र अरुलाई पनि बुझाउन प्रोत्साहित गर्ने ।
(८) आफूले लिएको ऋण समयमा तिर्ने साथै ऋण असुली गर्न सहयोग गर्ने ।

**१० संस्थाको बैठक र कार्य प्रणाली**

क) साधारण सभाको गठन

(१) संस्थाको सम्पूर्ण सदस्यहरु र सल्लाहकार समेत रहेको एक साधारण सभा हुनेछ ।
(२) साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्ष र निजहरु दुबै जना अनुपस्थित रहे सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ । साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।
(३) साधारण सभा न्यूनतम बर्षको १ पटक बस्नु पर्नेछ ।
(४) आवश्यक परेका बखत विशेष साधारण सभा बोलाउन सकिनेछ ।

**११ साधारण सभाको काम, कर्तव्य र अधिकार**

क) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित ठानी पेश गरेको जुनसुकै विषयमा यथोचित सल्लाह दिने ।
ख) लेखा परीक्षक नियुक्त गर्ने तथा पारिश्रमिक तोक्ने ।
ग) लेखा परीक्षकको प्रतिवेदन पारित गर्ने ।
घ) अख्तियार प्रदान गर्ने ।
ङ) उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।
च) विधान संशोधन गर्ने ।
छ) आवश्यक परे सल्लाहकारको मनोनयन गर्ने ।
ज) आवश्यकता अनुरुप टोल विकास योजना तथा उद्यम विकास योजना बनाउने ।

**१२ आर्थिक लेखा कार्य व्यवस्था**

क) संस्थाको देहाय बमोजिम आर्थिक श्रोत हुनेछ ।

(१) प्रवेश शुल्क तथा सदस्यता शुल्क ।
(२( सदस्यहरुबाट गरिने नियमित बचत ।
(३) सरकारी तथा गैर सरकारी संस्थाबाट प्राप्त निशर्त सहायता तथा अनुदान ।
(४) दाताहरुबाट प्राप्त निशर्त सहयोग ।
(५) संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार ।
(६) संस्थाको कोषबाट आर्जित आय ।
(७) संस्थाले विभिन्न संघसंस्थासँग ऋण लिई आफ्ना सदस्यहरुलाई ऋण लगानी गरी आर्जन गरेको व्याज, सेवाशुल्क र हर्जाना बापतको रकम ।
(८) अन्य आम्दानी ।

ख) प्रत्येक आषाढ मसान्त समाप्त भएपछि लेखा तयार गरी परीक्षण पश्चात बिवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।
ग) संस्थाको नाममा प्राप्त वा खरिद चल अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

**१३ टोल विकास संस्थाको कोष**

क) टोल संस्थाका सदस्यहरुले आवश्यक ठानेमा सम्पूर्ण सदस्यहरुबाट नियमित रुपमा अनुदान तथा सहयोग रकम संकलन गरी एक टोल विकास कोष खडा गर्न सक्नेछ ।
ख) उक्त कोषको प्रयोगका लागि संस्थाको सर्वसम्मत निर्णय आवश्यक पर्नेछ ।
ग) कोष सामान्यतया सदस्यहरुको आर्थिक विकासमा खर्च गर्नु पर्नेछ ।
घ) उक्त कोषमा सदस्य वा अन्य दाताबाट प्राप्त रकम पनि संस्था वा कुनै परियोजनाको लागि तोकि प्राप्त भएको भए सोही बमोजिम गरिनेछ ।
ङ) यो कोषको रकम संस्थाको कार्य क्षेत्र भित्र संस्थाका सदस्यहरु बीच तोकिएको शर्त र व्यवस्था अनुरुप लगानी र असुली हुनेछ ।
च) यो कोष निरन्तर चल्ने र बृद्धि हुँदै जानेछ ।

छ) यो कोषमा संलग्न सदस्यहरुको दावी रहनेछ ।

ज) संस्थाका नयाँ सदस्य बनी संस्थामा प्रवेश हुन चाहेमा संस्थाको निर्णय बमोजिम हुनेछ ।

झ) यो कोषको संचालन कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ञ) संस्था दर्ता खारेजी वा बिघठन भएमा संस्थाको सामुहिक सम्पत्ति नगरपालिकाको निर्णयानुसार हुनेछ तर व्यक्तिगत बचतको रकमहरु सदस्यहरुले आफ्नो हिसाव बमोजिम फिर्ता पाउनेछ ।

**१४ राजिनामा र अविश्वासको प्रस्ताव**

क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछ ।

ख) अध्यक्षले आफ्नो राजिनामा सचिव (उपाध्यक्ष भएको अवस्थामा उपाध्यक्ष) मार्फत कार्य समितिमा पेश गर्नु पर्नेछ र सो उपर कार्य समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१५ अविश्वासको प्रस्ताव**

क) संस्थाको अध्यक्ष एवम् पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाइं संस्थाका ६७ प्रतिशत सदस्यहरुले विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१६ विधानको संशोधन**

क) यो विधान संशोधन गर्नु पर्ने भएमा प्रत्येक कार्यगत समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले पारित गर्नु पर्नेछ ।

ख) दुई तिहाई बहुमतले पारित गरेको संशोधित विधान वडा कार्यालयको स्वीकृति पछि लागू हुनेछ ।

**१७ विविध**

क) यस विधान बमोजिम टोल विकास संस्थाले आफ्ना सदस्यहरु मध्येबाट आर्थिक विकासको लागि उद्यमी समूह/उद्यम तथा आवश्यक परेका बखत खास कार्यका लागि कार्यमूलक समूह/उपभोक्ता समूह गठन गर्न सक्नेछ । उक्त समूहको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

ख) यो विधानको व्याख्या गर्ने अधिकार कार्य समितिमा निहित रहनेछ ।

ग) कार्य समितिले संस्थाको उदेश्य पूर्तिका लागि विधानको अधिनमा रही नियमावली बनाउन र उप समितिहरु गठन गर्नु परेमा सो समेत गर्न सक्नेछ ।

घ) टोल विकास संस्थाको लागि नगरपालिकाले तयार गरेका बिनियम, नीति, निर्देशिका, निर्णय तथा निर्देशनहरु संस्थालाई अनिवार्य रूपमा मान्य हुनेछ ।

ङ) प्रचलित नेपालको कानुनसंग बाँझिएको बुँदाहरु बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

आज्ञाले<br>
गणेशकुमार खड्का<br>
प्रमुख प्रशासकीय अधिकृत